लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल


मिति:२०८१।०५।२६
नेसं.११४४ ञलाथ्व ८ बुधबार

पत्र संख्या: ०८१/०८२
चलानी नं.

## विषय:व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।

नेपालको संविधानको अनुसूची-८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यापार व्यवसाय दर्ता, नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७९ को दफा ३ बमोजिम यस नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक करोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यस नगरपालिकामा अनिवार्य दर्ता गर्नुपर्ने कानूनी व्यवस्था रहेकाले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिन भित्र देहायका विवरण तथा कागजात सहित यस नगरपालिका,को कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

१. व्यवसायीको नेपाली नागरिकताको प्रमाण-पत्र।
२. वडा कार्यालयको सिफारिस। (आवश्यता अनुसार स्थलगत सर्जिमिन मुचुल्का)
३. प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि।
४. व्यवसाथ सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा सम्झौतापत्र, पानी/विजुली तिरेको रसिद, कर कार्यकालयमा कर बुझएको रसिद/कर-चुक्ता )
५. सञ्चालकको २ (दुई) प्रति पासपोर्ट साईजको फोटो।(साझेदारीमा सञ्चालन भएको हकमा सम्बन्धित सञ्चालकहरुको २/२ प्रति पासपोर्ट साईजको फोटो)।

थप जानकारीका लागि सम्पर्क: ९८५८०८६०६०

बख्त बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत